# प्रदेश लोक सेवा आयोग

(प्रशासन, योजना तथा कानून शाखा)

मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल

प.सं.२०८२।८३
च.नं. २२४६

मिति:२०८३।०२।१९

विषयः रायपरामर्श माग गर्ने सम्बन्धी ढाँचा कार्यान्वयनमा ल्याउने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),
मधेश प्रदेश

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५७ वमोजिम यस आयोगबाट रायपरामर्श दिने सम्बन्धमा व्यवस्था रहेको सर्वविदितै छ ।

यस आयोगले प्रत्येक वर्षको पौष र असार महिनामा हुने तहवृद्धि/स्तरवृद्धि को लागि प्रदान गर्ने रायपरामर्शको विगतको अभ्यासमा, विभिन्न स्थानीय तहबाट राय परामर्शको माग हुँदा रायपरामर्श माग संग सम्बन्धित दफा उपदफा स्पष्ट नहुने, प्रमुखको तहबाट निर्णय नहुने, निर्णय भए पनि दस्तखत नहुने जस्ता समस्याहरू देखिएका छन् । अतः रायपरामर्शको कार्यलाई थप व्यवस्थित, प्रभावकारी, वस्तुनिष्ठ र एकरूपता कायम गर्न आयोगको मिति २०८३/०२/१९ को निर्णयानुसार, यस आयोगसँग रायपरामर्श माग गर्दा देहायको रीत पुर्‍याई, कार्यालयको फोन नम्बर र इमेल खुल्ने आधिकारिक छाप सहितको लेटरप्याड मा सम्बन्धित निकायको प्रमुख प्रशासकीय अधिकृतको तहबाट निर्णय गराई यसै पत्रसाथ संलग्न रहेको ढाँचामा मात्र पठाउनुहुन अनुरोध छ ।

(चिरन्जीवी गौतम)
नि.सचिव

देहायः

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को प्रावधान वमोजिम स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सम्बन्धमा आवश्यक रायपरामर्श माग गर्ने निवेदन पत्रको ढाँचा

---

..................................

*सम्बन्धित स्थानीय तहको (फोन नं र इमेल खुलेको) लेटर हेड*

पत्र संख्या

च.नं.

मितिः

श्री प्रदेश लोक सेवा आयोग
मधेश प्रदेश, जनकपुरधाम

विषयः रायपरामर्श सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५७(२) मा रायपरामर्श सम्बन्धमा भएको कानूनी व्यवस्था वमोजिम, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को मर्म र भावना वमोजिम कर्मचारीहरूको स्तरवृद्धि/तहवृद्धि गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित दफाको सम्बन्धमा रायपरामर्श उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसिलः

<u>रायपरामर्श माग संग सम्बन्धित दफाः</u>

*स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को कुन दफा (उपदफा) मा उल्लेखित तहवृद्धि/स्तरवृद्धि को सम्बन्धमा रायपरामर्श माग गरिएको हो सो दफा (उपदफा) उल्लेख गर्ने*

*जस्तैः* स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०८१) को दफा २९(१)

..............................

(हस्ताक्षर)

प्रमुख प्रशासकीय अधिकृत वा कार्यालय प्रमुख